# ...................... बचत तथा ऋण सहकारी संस्था लि.को विनियम, २०६........

**..............................  बचत तथा ऋण सहकारी संस्था लि. संचालन गर्न वनेको विनियम**

**प्रस्तावना**

अन्तर्राष्ट्रिय सहकारीका मूल्य, मान्यता र सिद्धान्तका आधारमा सदस्यहरुमा छरिएर रहेको श्रोत र साधनलाई एकिकृत गरी सदस्यहरु स्वयंद्वारा संचालित एवं नियन्त्रित सहकारी संस्थाको माध्यमद्वारा हामी प्रत्येक सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको लागि एक सहकारी संस्थाको गठन गरी संचालन गर्न आवश्यक भएकोले,

सहकारी ऐन, २०४८ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी .......................... **वचत तथा ऋण सहकारी संस्था लि.** को स्थापनाको लागि मिति ................. मा बसेको प्रथम प्रारम्भिक भेलाको निर्णय वमोजिम यो विनियम तर्जुमा गरी मिति ..................... गते वसेको दोश्रो प्रारम्भिक भेलाले सर्वसम्मतबाट पारित गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस विनियमको नाम ................................ **बचत तथा ऋण सहकारी संस्था लि.** को विनियम, २०६... रहेको छ ।

(२) यो विनियम रजिष्ट्रारले स्वीकृत गरेपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **संस्थाको नाम र ठेगाना** :

(क) संस्थाको नामः ..................... **बचत तथा ऋण सहकारी संस्था लिमिटेड** रहनेछ । अंग्रेजीमा .........................Saving & Credit Co-operative Ltd. रहनेछ ।

(ख) संस्थाको ठेगाना :- ................................................................. हुनेछ । ठेगाना परिवर्तन भएमा **समितिले** दर्ता भएको कार्यालयमा सात दिन भित्र सूचना दिनेछ ।

(ग) **समितिले** संस्थाको कार्यालयमा सवैले देखिने गरी निम्न कुराहरु खुलेको विवरण राख्नेछः-
(१) संस्थाको भौगोलिक कार्य क्षेत्र ।
(२) संस्थाको उद्देश्य र कार्यहरु ।
(३) संस्थाको सदस्य संख्या  (महिला/पुरुष) ।
(४) शेयर पुँजी ।
(५) महिनाको अन्तको बचत निक्षेप  रकम,
(६) बचत संकलन तथा ऋण **प्रवाह** गर्ने प्रकृया ।
(७) ब्याज दर सम्बन्धि विवरण ।
(८) संचालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरुको नाम र ठेगाना ।
(९) अन्य आवश्यक कुराहरु ।

३. **कार्यक्षेत्र** : संस्थाको कार्यक्षेत्र ........................................................................................भर सीमित रहनेछ ।

४. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा-

(क) “ऐन” भन्नाले सहकारी ऐन, २०४८ सम्झनु पर्दछ ।

(ख) “नियमावली” भन्नाले सहकारी नियमावली, २०४९ सम्झनु पर्दछ ।

(ग) “रजिष्ट्रार” भन्नाले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(घ) “संस्था” भन्नाले ...... ................................बचत तथा ऋण सहकारी संस्था लि.लाई सम्झनु पर्छ ।

(ङ) “विनियम” भन्नाले .................... बचत तथा ऋण सहकारी संस्था लि. को विनियम २०६.. सम्झनु पर्दछ ।

(च) “सदस्य” भन्नाले यस विनियम बमोजिम कम्तीमा एक थान शेयर खरिद गरी सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) “साधारण सभा” भन्नाले प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई सम्झनु पर्दछ ।

(ज) “समिति” भन्नाले संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

(झ) “संचालक” भन्नाले यस विनियम बमोजिम गठीत **समितिका निर्वाचित** अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव लगायतका सदस्यहरुलाई सम्झनुपर्दछ ।

(ञ) “उपसमिति” भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य  गर्नका लागि अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई सम्झनु पर्दछ ।

(ट) “शेयर” भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्दछ ।

(ठ) “शेयर प्रमाण पत्र” भन्नाले शेयर किन्ने व्यक्तिलाई सो वापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ ।

(ड) **“वचत परिचालन” भन्नाले सदस्यहरुवाट वचत संकलन गर्ने र सदस्यहरुमा ऋण लगानी गर्ने दुवै कार्यलाई** सम्झनु पर्दछ ।

(ढ) “बचत” भन्नाले सदस्यहरुले संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(ण) **“ऋण” भन्नाले संस्थाले विनियमको अधिनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा फिर्ता वुझाउने गरी सदस्यलाई प्रदान गरेको वा संस्थाले निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा फिर्ता वुझाउने गरी ऐनको दफा २४ को अधिनमा रही ऋणको रुपमा प्राप्त गरेको रकमलाई** सम्झनु पर्दछ ।

(त) “आर्थिक वर्ष**”** भन्नाले प्रत्येक वर्षको श्रावण १ (एक) गते देखि आषाढ मसान्त सम्मलाई सम्झनु पर्दछ ।

## ५. संस्था संगठित संस्था हुने :

(क) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(ख) संस्थाको सवै कामकाज प्रमाणित गर्नका लागि **अनुसूची-१** मा उल्लेख गरिए अनुसार आफ्नो छुट्टै चिन्ह अंकित छाप रहनेछ ।

(ग) संस्थाको छाप संचालक समितिवाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(घ) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले बन्दोवस्त गर्न सक्नेछ ।

(ङ) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

६. **सहकारी सिद्धान्त** : अर्न्तराष्ट्रिय सहकारी महासंघद्वारा पारीत सहकारीका सात सिद्धान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् साथै विश्व ऋण परिषदद्धारा प्रतिपादीत बचत तथा ऋण सहकारी संघ संस्था संचालन सम्वन्धी अन्तरराष्ट्रिय नौ सिद्धन्तहरुलाई समेत पूर्णरुपमा पालना गर्नु पर्नेछ :-

**अर्न्तराष्ट्रिय सहकारी महासंघद्वारा पारीत सहकारीका सात सिद्धान्तहरु**

(क) ऐच्छिक तथा खुला सदस्यता

(ख) सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण

(ग) सदस्यहरुको आर्थिक सहभागिता

(घ) स्वायत्तता तथा स्वतन्त्रता

(ङ) शिक्षा तालिम तथा सूचना

(च) सहकारीहरु वीच सहयोग

(छ) समुदाय प्रति चासो ।

**विश्व ऋण परिषद्द्वारा पारीत बचत तथा ऋण सहकारीका नौ सिद्धान्तहरु :**

क) प्रजातान्त्रिक संरचना
  १. खुल्ला तथा स्वेच्छिक सदस्यता
  २. प्रजातान्त्रिक नियन्त्रण
  ३. भेदभाव रहीत
ख) सदस्यहरुलाई सेवा
  १. सदस्यहरुलाई सेवा
  २. सदस्यहरुलाई वितरण
  ३. वित्तीय स्थिरता कायम राख्ने

ग) सामाजिक उद्देश्यहरु :
  १. अनवरत शिक्षा
  २. सहकारीहरु बीच सहयोग
  ३. समाजिक दायित्व

## परिच्छेद– २
## उद्देश्य

७. <u>उद्देश्य</u> :

सदस्यहरुको आर्थिक तथा सामाजिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्य हुनेछ :

(१) संस्थामा संलग्न सदस्यहरु वीच स्वावलम्वन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने ।

(२) सदस्यहरुको व्यक्तिगत क्षमता विकास तथा उनीहरुको उत्पादन, व्यवसाय तथा पेशाको अभिवृद्धीका लागि वचत परिचालन गर्ने ।

(३) सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशिल, आयमूलक, सीपमूलक क्षेत्रमा लगानी व्यवस्थापन कार्यको प्रवर्द्धन गर्ने ।

(४) समुदाय भित्र सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, पर्यावरण संरक्षण जस्ता क्रियाकलापको प्रवर्द्धन गर्ने ।

८. <u>कार्य</u> : संस्थाले विनियमको दफा ७ मा उल्लेखित उद्धेश्य प्राप्त गर्न देहाय बमोजिमका कार्यहरु गर्नेछः

(१) सदस्यबाट नियमित बचत संकलन गर्ने ।

(२) सदस्यलाई आवश्यक परेको वेलामा सहुलियत दरमा ऋण लगानी गर्ने ।

(३) सहकारी ऐनको दफा २३ (१) वमोजिम संस्थाको शेयर विक्री गर्ने ।

(४) सदस्यहरुको सामाजिक सुरक्षालाई सुदृढ पार्न विभिन्न संघ संस्थासंग समन्वय गरी आवश्यक कार्य संचालन गर्न लगानी गर्ने ।

(५) सहकारी ऐन, नियमावली र विनियमको अधीनमा रही अन्य संघ–संस्थाबाट ऋण लिने ।

(६) सदस्यहरुवाट संकलित बचत सदस्यहरुको हितको निम्ति उत्पादनशिल कार्यमा लगानी गर्ने ।

(७) सहकारीता वारे सदस्यहरुको चेतना जगाउने क्रियाकलाप संचालन गर्ने ।

तर उपदफा (१) देखी उपदफा (……) मा उल्लेखित कार्य गर्न अन्य प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट स्वीकृति लिनुपर्ने भएमा स्वीकृति लिएर वा सम्झौता गर्नु पर्ने भएमा सम्झौता गरेर मात्र कार्य संचालन गरिनेछ ।

# परिच्छेद– ३
## सदस्यता

९. **सदस्यता :**

(१) एकै उद्देश्य एवं समान आयस्तर भएका र निश्चित भौगालिक क्षेत्रभित्र बसोबास गर्ने, आय-आर्जन गरेको रकमबाट नियमित रुपले बचत गरी सहकारिताको भावनाले सदस्यहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक अवस्था सुधार गरी सदस्यहरुको जीवनस्तर माथि उठाउन मद्दत पुर्‍याउन इच्छुक देहायका व्यक्तिले विनियमको अधिनमा रही सदस्यता प्राप्त गर्न सक्नेछः-

(क) संस्था दर्ताको लागि रजिष्ट्रार समक्ष निवेदन दिने व्यक्तिहरु ,

(ख) संस्था दर्ता भईसकेपछि विनियमको दफा १० बमोजिम सदस्यताको लागि योग्यता पुगेको व्यक्तिहरु ।

(२) समितिले सहकारी भावना अनुरुप सदस्यहरुको आर्थिक, सामजिक अवस्था सुधार गरी सदस्यको जीवनस्तर उठाउन सहयोग पुर्‍याउन ईच्छुक व्यक्तिलाई संस्थाको सदस्यता प्रदान गर्न सक्नेछ । सदस्यता प्राप्त गर्न चाहने व्यक्तिको निवेदनमा आफ्नो क्षमता अनुरुप नियमित बचत गर्ने आधार समेत खुलाउन पर्नेछ ।

१०. **सदस्यताको लागि योग्यता :** सदस्यको लागि देहायमा उल्लेख भए बमोजिमको योग्यता हुनु पर्नेछः

(क) नेपाली नागरिक ।

(ख) १६ वर्ष उमेर पुगेको व्यक्ति ।

(ग) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्नुका साथै संस्थाको सेवा उपयोग गर्न चाहने र संस्थामा जिम्मेवारी वहन गर्न स्वीकार गर्ने व्यक्ति ।

(घ) संस्थाको विनियमको पालना गर्न मञ्जुर गर्ने व्यक्ति ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको व्यक्ति ।

(च) कम्तीमा एक थान शेयर खरीद गरेको व्यक्ति ।

(छ) आफ्नो क्षमता अनुसार नियमित बचत गर्ने व्यक्ति ।

(ज) विनियममा उल्लेखित शर्तहरु पुरा गर्ने व्यक्ति ।

११. **प्रवेश शुल्क :**

विनियमको दफा ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु ........।- (पछि फिर्ता नहुने गरी) बुझाउनु पर्नेछ ।

१२. **सदस्यता कायम नरहने :**

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन :

(क) मृत्यु भएमा ।

(ख) पागल वा असन्तुलित मस्तिष्क भएको भनी प्रमाणित भएमा ।

(ग) निजले सदस्यताबाट दिएको राजिनामा समितिवाट स्वीकृत भएमा ।

(घ) यस विनियममा भएको व्यवस्था बमोजिम सदस्यतावाट निष्काशित भएमा ।

(ङ) संस्था विघटन भएमा ।

(च) संस्थालाई हानी नोक्सानी हुने काम गरी सो कुरा प्रमाणित भएमा ।

(छ) नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा ।

(ज) विनियमको दफा १० मा उल्लेखित योग्यता नरहेमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजिनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट छुट पाउनेछैन ।

१३. **सदस्यताबाट निष्काशन :**

(१) संचालक समितिले विस्तृत छानवीन पछि कुनै सदस्यले निम्न कामकारवाही गरेको पाईएमा त्यस्तो सदस्यलाई संचालक समितिको बहुमतको निर्णयले निष्काशन गर्न सक्नेछः-

(क) संस्थाको संचालन र प्रगतिमा हानी हुने कुनै किसिमको कार्य गरेमा वा संस्थाको रकम हिनामिना गरेमा ।

(ख) संस्थाको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने र विपरीत कार्य गरेमा ।

(२) उपदफा (१) वमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफुलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने आवश्यक कागजात आदि प्रस्तुत गर्न कम्तीमा ३५ दिनको म्याद दिनेछ । छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्ष सम्म बन्देज लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझ्ने सदस्यले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

**१४. सदस्यताबाट राजीनामा :**

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ ।

तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै वाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजिनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु वुझाउनुपर्ने दायित्ववाट छुट पाउनेछैन ।

(३) सदस्यतावाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्ष पछि मात्र पुन : रीतपूर्वक संस्थामा निवेदन दिएमा सदस्यता प्रदान गर्न सक्नेछ ।

(४) दफा १३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा चालु आर्थिक वर्षको ३ महिना अगावै समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ । यस्तो राजिनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलीपल्ट देखि लागु हुने गरी समितिले स्वीकृत गर्नेछ ।

(५) संस्थाको कूल शेयर पूँजीको १५ प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा कम्तिमा १२ महिना अगावै लिखित सूचना दिनु पर्नेछ ।

**१५. सदस्यको काम, कर्तव्य र अधिकार :**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन :-

(क) जतिसुकै शेयर लिएता पनि एक व्यक्ति एकमतको आधारमा मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको प्रबन्धकीय कार्यमा भाग लिने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको वचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

**१६. सदस्यको दायित्व :**

(१) सदस्यको दायित्व आफूले लिएको शेयर रकम सम्म मात्र सीमित रहनेछ ।

(२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

**१७. सदस्यताको दर्ता किताव :**

समितिले सदस्यहरुको दर्ता किताब अनुसूची-२ बमोजिमका कुराहरु उल्लेख हुने गरी खडा गर्नेछ ।

## परिच्छेद – ४
## शेयर पूँजी

१८. **शेयर पूँजी :**

(१) संस्थाको शेयर पूँजी रु ............. (.................) हुनेछ र संस्थाले पुँजी संकलनका लागि प्रति शेयर रु.१००।- को दरले ............. (.............) थान शेयर जारी गरिनेछ ।

(२) संस्थाको कूल चुक्ता शेयर पूँजीको १/५ भागमा नबढाई कुनै सदस्यले जतिसुकै पनि शेयर लिन सक्नेछन् ।

(३) संस्थाले सार्वजनिक रुपमा आह्वान गरी शेयर खरिद विक्री गर्ने छैन ।

(४) संस्थाले अर्को प्रारम्भिक संस्थाको शेयर खरिद गर्ने छैन ।

(५) संस्थाले वाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य संस्थाको शेयर खरिद गर्दा सहकारी विभागको स्वीकृति लिनेछ ।

१९. **शेयरको प्रमाणपत्रः**

**संस्थाले सदस्यहरुलाई शेयर लिए वापत अनुसूची-३ बमोजिम संस्थाको छाप लागेको शेयर प्रमाण पत्र दिनेछ र सो प्रमाणपत्र हराएमा वा नासिएमा रु. ...........।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछ ।**

२०. **शेयरको हस्तान्तरण वा फिर्ता :**

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम संस्थाको पछिल्लो आर्थिक वर्षको हिसावजाँच पश्चात निजले पाउनु पर्ने देखिएको रकम फिर्ता पाउनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा निजको नाउमा रहेको र संस्थावाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानुन वमोजिमको हकवालाको नाउँमा सहकारी नियमावलीको नियम ८ को अधीनमा रही नामसारी गरिदिनेछ ।

## परिच्छेद–५

## बचत संकलन, ऋण लगानी तथा व्याजदर र तरलता सम्वन्धी व्यवस्था

२१. **बचत संकलन :**

संस्थाले देहाय वमोजिमको वचत निक्षेप सदस्यहरुवाट संकलन गर्न सक्नेछ :-

(१) सदस्यले साधारण निक्षेपको रुपमा संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा आफूले कबुल गरेको वचत रकमको किस्ताको भुक्तानी नियमित रुपमा गर्नुपर्नेछ । यस्तो नियमित बचत किस्ता अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको वचत तथा ऋण नीतिको अधिनमा रही तीन (३) महिना भन्दा वढी समयका लागि मुद्दती खातामा आवधिक निक्षेपको रुपमा रकम जम्मा गर्न सक्नेछ र सो रकममा संस्थाले तोकेको ब्याज आवधिक रुपमा सदस्यले प्राप्त गर्नेछ ।

(३) सदस्यले उपदफा (१) वमोजिम जम्मा गरेको रकम जुनसुकै बेला पनि झिक्न सक्नेछ र साधारण निक्षेपमा दिइने ब्याज सम्बन्धी व्यवस्था वचत तथा ऋण नीतिको अधिनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(४) संस्थाले शेयर पुँजीको बढीमा १० गुणा सम्म मात्र सदस्यहरुबाट बचत निक्षेप संकलन गर्नेछ ।

(५) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरि बचत संकलन गर्ने वा ऋण प्रवाह गर्न पाउने छैन ।

(६) संस्थाले बचत निक्षेप संकलन गर्ने र कर्जा प्रवाह गर्ने कार्य आफ्नो सदस्यहरुका वीचमा मात्र सीमित रही गर्ने छ ।

(७) संस्थाले गैह्र सदस्यसंग वचत तथा ऋण्को कारोवार गर्नेछैन ।

२२. **ऋण लगानी :**

(१) कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले सदस्यको बचत रकम, सदस्यहरुको सामूहीक जमानी वा अन्य स्वीकृत धितो रकमको आधारमा ऋण लगानी उपसमिति समेतको सिफारिशमा ऋण प्रदान गर्नेछ ।

(३) समितिले वचत तथा ऋण लगानी नीतिको अधीनमा रही सदस्यलाई निश्चित रकम सम्मको ऋण प्रदान गर्न ऋण लगानी उपसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुँजीको प्रथम पटकको लागि ५ प्रतिशत, दोश्रो पटकको लागि १० प्रतिशत र तेश्रो पटकको लागि २० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ । सदस्यले लिएको ऋणको सावा र ब्याज पुरै भुक्तानी नगरे सम्म निजलाई पुनः ऋण लगानी गर्नछैन ।

**स्पष्टीकरणः** प्राथमिक पूँजी भन्नाले संस्थाको शेयर पूँजी, वचत रकम तथा जगेडा कोषलाई सम्झनुपर्छ ।

(५) संस्थाले सदस्यलाई ऋण प्रदान गर्दा प्रदान गरिने ऋण रकमको कम्तिमा दोब्बर मूल्य बराबरको जायजेथा धरौटी राखी वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण लगानी गर्नेछ ।

तर संस्थाले औचित्यताको आधारमा सामूहीक जमानीमा ऋण लगानी गर्न बाधा परेको मानिने छैन ।

(६) संस्थाले जेथा धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै जेथा धितो नराखी अर्काको जेथाको आधारमा मात्र ऋण लगानी गर्नेछैन ।

(७) संस्थावाट एकै अवधिमा संस्थाका संचालक समितिका उन्चास (४९) प्रतिशत भन्दा बढी पदाधिकारीहरुले ऋण लिन सक्नेछैनन् ।

(८) सदस्यले जुन उद्देश्यका लागि संस्थावाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तीका लागि ऋणको प्रयोग गनुपर्नेछ ।

(९) संस्थाले समिति, लेखा सुपरिवेक्षण समिति तथा ऋण लगानी उप-समितिका पदाधिकारीहरुले लिएको प्रत्येक पटकको ऋणको विवरण सम्बन्धित डिभिजन सहकारी कार्यालयलाई पेश गर्नेछ ।

## २३. ऋणको किसिम :

साधारण सभाले अनुमोदन गरेको ऋण नीतिको अधीनमा रही समितिले समय–समयमा ऋणको किसिम तोक्न सक्नेछ ।

## २४. ऋणको वर्गीकरण तथा ऋण नोक्सानी कोष :

(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम ४ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छः

| क्र.सं. | ऋणको वर्गीकरण | भखा नाघेको अवधि | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|---|---|
| १ | असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| २ | कमसल ऋण | ६ महिना सम्म भाखा नाघेको | २५ प्रतिशत |
| ३ | शंकास्पद ऋण | ६ महिना देखि बढीमा १ वर्ष सम्म भाखा नाघेको | ५० प्रतिशत |
| ४. | खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

(२) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष साउन महिना भित्र सम्बन्धित डिभिजन सहकारी कार्यालयमा विवरण पेश गर्नेछ ।

(३) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाण-पत्र वा अन्य कुनै सहकारी संस्थाको सदस्यको शेयर प्रमाण पत्र धितो जमानी राखी ऋण लगानी गर्नेछैन ।

(४) समितिले संस्था दर्ता हुँदाका वखत आवेदक रहेका सदस्य वाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिना सम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण लगानी गर्नेछ ।

## २५. वचत तथा ऋण लगानीको रकममा ब्याज :

(१) संस्थाले बचत निक्षेपमा प्रदान गर्ने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको निर्धारण प्रचलित बजार दरको आधारमा गर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याज दर भन्दा अस्वभाविक रुपले बढी ब्याजमा बचत संकलन तथा ऋण लगानीको कारोबार गर्नेछैन ।

(३) समितिले सदस्यको विभिन्न उद्देश्यमूलक कार्यक्रम संचालनार्थ साधारण सभाले अनुमोदन गरे अनुरुप ऋण नीतिमा उल्लेख भए वमोजिम ऋणको किसिममा ब्याज तोक्नेछ ।

(४) संस्थाले बचत निक्षेप, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त प्रक्रिया तथा कार्यविधिहरु वचत तथा ऋण नीतिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो वचत तथा ऋण नीति साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ ।

(५) संस्थाले साधारण सभाबाट अनुमोदित वचत तथा ऋण नीति सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पेश गर्नु पर्ने छ ।

(६) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण चौमासिक रुपमा सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पेश गर्नेछ ।

(७) संस्थाले व्याजदर परिवर्तन गरेमा सो को विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गर्नेछ । संस्थाले परिवर्तित व्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिन भित्र सम्बन्धित डिभिजन सहकारी कार्यालयमा पेश गर्नेछ ।

(८) संस्थाले सदस्यहरुका बीच बचत (मुनाफा) बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आय लेखा राख्नेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा खर्च लेखि व्याज मुल्तवी हिसावमा जम्मा गर्नेछ ।

२६. <u>विलम्ब शुल्क</u> :

(१) सदस्यले संस्थावाट लिएको ऋणको साँवा र व्याज तोकिएको अवधिमा नै तोकिए वमोजिम भुक्तानी गर्नुपर्नेछ ।

(२) सदस्यले उपदफा (१) वमोजिम ऋणको साँवा र व्याज भुक्तानी नगरेमा देहाय वमोजिमको अवधिको लागि देहाय वमोजिमको रकम विलम्व शुल्क वापत तिर्नुपर्नेछः-

(क) प्रथम महिनाको लागि एक (१) प्रतिशत

(ख) दोश्रो महिनामा डेढ (१.५) प्रतिशत

(ग) तेश्रो महिनामा दुई (२) प्रतिशत

(३) उपदफा (२) मा उल्लेखित भन्दा बढी अवधिको लागि ऋण नीतिमा उल्लेख भए बमोजिम विलम्ब शुल्क लाग्नेछ ।

**तर ऋणीको आर्थिक स्तर र अवस्था हेरी समितिले तोके बमोजिम विलम्ब शुल्क छुट दिन सक्नेछ ।**

२७. <u>तरलता</u> :

(१) संस्थाले कुल बचत रकमको कम्तिमा १० प्रतिशत रकम तरलताको रुपमा राख्नेछ । यस प्रयोजनको लागि नगद मौज्दात, मुद्दति निक्षेप र सरकारी ऋण पत्रमा लगानीलाई समेत तरल सम्पत्ति मानिनेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको तरलता रकम मध्ये कम्तिमा दुई (२) प्रतिशत नगद आफ्नै ढुकुटी वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(३) संस्थाले तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मान्नेछ ।

(४) संस्थाले तरलता समेत खुलेको कारोवार सम्वन्धि विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ ।

(५) संस्थाले तरलता सम्बन्धि विवरण समेतको प्रतिवेदन सम्बन्धित सहकारी कार्यालयमा चौमासिक रुपमा पेश गर्नेछ ।

## परिच्छेद – ६
## संस्थाको कार्य संचालन विधि

२८. <u>प्रारम्भिक साधारण सभा</u> :

(१) समितिले संस्था दर्ता भएको मितिले तीन महिना भित्र संस्थाको प्रारम्भिक साधारणसभा बोलाउनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले प्रारम्भिक साधारणसभा नबोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा वोलाईदिन सम्बन्धित डिभिजन सहकारी कार्यालयमा निवेदन दिएमा वा त्यस्तो निवेदन नदिएमा पनि रजिष्ट्रारले सहकारी ऐन, नियम अनुसार प्रारम्भिक साधारणसभा बोलाउन सक्नेछ ।

(३) संस्थाको कूल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक साधारण सभा संचालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :–

(क) सभाको सभापतिको निर्वाचन गर्ने ।

(ख) अघिल्लो दिन सम्मको संस्थाको काम कारवाहीको हर हिसावको जानकारी लिने ।

(ग) सभामा पेश भएका प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने र निर्देशन दिने ।
(घ) विनियममा तोकिए बमोजिमको समिति र उपसमितिको निर्वाचन गर्ने ।
(ङ) विनियममा तोकिए बमोजिनका अन्य कार्यहरु गर्ने ।

२९. <u>साधारण सभा</u> :

(१) संस्थाका सम्पूर्ण शेयर सदस्य भएको एउटा साधारण सभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संस्थाले वार्षिक साधारण सभा बोलाउने पर्नेछ ।

(२) उप दफा (१) बमोजिम वार्षिक साधारण सभा नबोलाईएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा वोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले ३५ दिन भित्र रजिष्ट्रार वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा वोलाउन सक्नेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउंदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा एक्काईस (२१) दिन अगावै सदस्यहरुलाई सूचना दिनुपर्नेछ ।

(४) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको हकमा २५ प्रतिशत वा १३ जनामा जुन बढी हुन्छ सोही संख्यामा सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही शुरु हुनेछ ।

(५) पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अबस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सूचना दिनु पर्नेछ । त्यसरी बोलाईएको सभाको गणपुरक संख्या कुल सदस्य संख्याको १५ प्रतिशत वा ११ जना जुन बढी हुन्छ, सोहि मानिने छ ।

(६) वार्षिक साधारणसभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्ये वाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिने छ मत बरावर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

३०. <u>साधारण सभाको काम, कर्तव्य र अधिकार</u> :

(१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने, संचालकलाई हटाउने, समिति वा लेखा सुपरिवेक्षण समितिको विघटन गर्ने ।
(ख) संचालक समिति तथा लेखा समितिको प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने ।
(ग) सहकारी ऐन नियम को अधिनमा रहि विनियम संशोधनको प्रस्ताव उपर छलफल गरि निर्णय गर्ने ।
(घ) हिसाव-किताव र मिनाहा सम्वन्धमा छलफल तथा अनुमोदन एवं निर्णय गर्ने ।
(ङ) वजेट उपर छलफल गरि निर्णय गर्ने ।
(च) संचालक समितिले पेश गरेको वार्षिक कार्यक्रम उपर छलफल गरी स्वीकृती प्रदान गर्ने र प्रगति प्रतिवेदन, वार्षिक लेखापरीक्षण प्रतिवेदन, स्थिति विवरण पत्र र आर्थिक विवरणहरुमा समिक्षा गर्ने र पारित गर्ने ।
(छ) सदस्य निस्काशन सम्वन्धमा समितिले गरेको निर्णय उपर पुनरावेदन सुन्ने ।
(ज) वार्षिक हिसाव जांच गराउन लेखापरीक्षक नियुक्ती गरी स्वीकृतिको लागि रजिष्ट्रार समक्ष पेश गर्ने, लेखा परीक्षकको पारिश्रमिक तथा सुविधा निर्धारण गर्ने ।
(झ) नियमित बचत, आवधिक निक्षेप, ऋणको किसिम र सोमा वितरण गरिने ब्याजको प्रतिशत सम्बन्धमा छलफल गरि अनुमोदन गर्ने ।
(ञ) विनियम वमोजिम वचत वितरण गर्न स्वीकृती दिने ।
(ट) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने ।
(ठ) सहकारी संघको सदस्यता प्राप्त गर्ने वा नगर्ने निर्णय गर्ने, केन्द्रिय वा जिल्ला संघको प्रतिनिधित्व गर्ने प्रतिनिधिको निर्वाचन गर्ने ।
(ड) संस्थाको आर्थिक प्रशासन नियम, कर्मचारी प्रशासन नियम तथा वचत तथा ऋण नीति अनुमोदन गर्ने तथा संशोधन गर्ने ।
(ढ) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने,

(न) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरिक्षण र सोधपुछ प्रतिवेदन उपर छलफल गर्ने ।
(प) अध्यक्षको राजिनामा स्वीकृती गर्ने,
(फ) संचालक समितिलाई मार्गदर्शन गर्ने ,
(ब) संस्थाको विभाजन, एकिकरण, विघटन सम्वन्धि निर्णय गर्ने ।

(२) साधारण सभाको निर्णयहरुको अभिलेख अध्यक्षद्वारा प्रमाणित गराई सूरक्षित राख्नुपर्नेछ ।

(३) संस्था बिघटन, एकिकरण वा बिभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रकृया पुर्‍याई गरिनेछ ।

३१. <u>विशेष साधारण सभा</u> :

(१) संस्थाको विशेष साधारण सभा देहायको आवस्थामा १५ दिनको सूचना दिई समितिले बोलाउन सक्नेछ :-
(क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरीक्षकले पर्याप्त कारण देखाई संचालक समिति समक्ष सुझाव पेश गरेमा वा
(ख) लेखा समिति वा विशेष उद्देश्यले गठन गरिएका उप-समितिले यथेष्ट कारण समेत खोली समितिलाई लिखित सुझाव पेश गरेमा वा
(ग) कुनै संचालकले उचित कारण खोली विशेष साधारण सभा बोलाउन माँग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा
(घ) संस्थाको कूल सदस्यको १० प्रतिशत वा १० जना मध्ये जुन वढी हुन्छ सो संख्याले प्रर्याप्त कारण देखाई संचालक समिति समक्ष निवेदन दिएमा ।

(२) विशेष साधारण सभाका लागि गणपूरक संख्या कूल सदस्य संख्याको १५ प्रतिशत वा ११ जनामा जुन बढी हुन्छ सोही हुनेछ ।

(३) विशेष साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछ ।

३२. <u>संचालक समिति</u> :

(१) संस्थामा ...... जना संचालकहरु रहेको एउटा संचालक समिति रहनेछ । सदस्यहरुबाट समितिको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अनुरुप गरिनेछ । समितिमा एकजना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्यक्ष र अन्य सदस्यहरु रहनेछन् ।

(२) एकाघर परिवारबाट एक भन्दा वढी व्यक्ति एकै अवधिमा संचालकको पदमा वहाल रहन पाउने छैनन् ।

(३) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

३३. <u>संचालकहरुको कार्यकाल</u> :

(१) संचालकहरुको पदावधि ....... वर्षको हुनेछ र संचालकहरु समितिमा पुनः निर्वाचित हुन सक्नेछन् ।

(२) कुनै संचालकको पद कुनै कारणबाट रिक्त भएमा सो रिक्त पदको पूर्ति साधारणसभावाट निर्वाचनद्धारा हुनेछ ।

(३) नयाँ समितिको निर्वाचन नभए सम्म साविककै समितिले विनियममा व्यवस्था भए वमोजिम संस्थाको कार्य संचालन गर्नेछ ।

३४. <u>समितिको बैठक</u> :

(१) संस्थाको कार्यसंचालनको लागि समितिको वैठक नियमित वस्नेछ । समितिको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिवले समितिको वैठक बोलाउनेछ ।

(२) अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थित नभएको हकमा सदस्यहरुको बहुमतबाट छानिएको सदस्यले अध्यक्षता गरी छलफलका विषय माथि निर्णय गर्न सक्नेछ ।

(३) समितिका एकाउन्न प्रतिशत (५१%) **संचालकहरु** वैठकमा उपस्थित भए वैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

३५. <u>संचालकको पदमा वहाल रहन नसक्ने अवस्था</u> :

देहायका अवस्थामा समितिको संचालक पदमा बहाल रहन नसक्ने अवस्था मानिनेछ :-

(क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले निजको **राजिनामा** स्वीकृत गरेमा ।

(ख) मृत्यु भएमा ।

(ग) संस्थाको कार्यप्रकृति सँग मेल खाने निजि व्यापार संचालन गरेमा ।

(घ) विनियमको दफा १२, दफा १३ र दफा १४ बमोजिम सदस्यता समाप्त भएमा ।

(ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा ।

(च) विना सूचना लगातार ३ पटक सम्म वैठकमा अनुपस्थित भएमा ।

३६. <u>समितिको काम, कर्तव्य र अधिकार</u> :

सदस्यहरुको हितलाई ध्यानमा राखी समितिले देहाय वमोजिमका कार्यहरु गर्नेछः-

(क) संस्थाको दैनिक **प्रशासनिक कार्य** संचालन गर्ने,

(ख) नयाँ सदस्यता प्रदान गर्ने,

(ग) ऐन र विनियमको अधिनमा **रही** बाह्य संस्था मार्फत ऋण लिने वा बाह्य संस्थालाई ऋण दिने सम्बन्धी नीति तर्जुमा गर्ने,

(घ) सदस्यहरुबाट प्राप्त बचत, आवधिक निक्षेप र उनीहरुलाई दिइने ऋणमा व्याज दर निर्धाणको लागि वचत तथा ऋण नीतिको तर्जुमा गर्ने,

(ङ) हरहिसाव सम्बन्धी विवरण प्रमाणित गर्ने,

(च) **उपसमितिको** गठन र विघटन गर्ने ,

(छ) संस्थाको प्रशासनिक कार्य गर्न कर्मचारी नियुक्ति गर्ने,

(ज) संस्थाको संचालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरु गर्ने,

(झ) संस्थाको योजना र वार्षिक बजेट साधारण सभामा अनुमोदनको लागि पेश गर्ने ,

(ञ) निर्वाचन उपसमिति गठन गर्ने,

(ट) आफ्नो कार्यावधि समाप्त हुनु अगावै नयाँ समितिको निर्वाचन गर्ने ।

(ठ) साधारण सभाले निर्देश गरेका अन्य काम गर्ने ।

३७. <u>संचालकहरुको काम, कर्तव्य र अधिकार</u> :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

- (क) समितिको वैठक तथा साधारण सभाको वैठकको अध्यक्षता गर्ने ।
- (ख) साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।
- (ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने
- (घ) संचालकहरुको कामको बाँडफाँड गर्ने, निर्देशन दिने र राजीनामा स्वीकृत गर्ने ।
- (ङ) संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।
- (च) समितिको वैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेश गर्ने ।
- (छ) साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।
- (ज) संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जांचवुझ, निरीक्षण गर्ने, गराउने ।
- (झ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।
- (ञ) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक सम्पूर्ण कार्य गर्ने गराउने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

- (क) अध्यक्षको काममा सहयोग पुऱ्याउने,
- (ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने,
- (ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

(क) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक वोलाउने,

(ख) साधारण सभा तथा समितिद्धारा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) साधारण सभाको अधिवेशन र समितिको वैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, वैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने ।

(घ) साधारण सभावाट निर्णय गर्नुपर्ने कुनै विवादास्पद निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने ,

(ङ) साधारण सभा र संचालक समितिवाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(च) कर्मचारी प्रशासन सम्वन्धि सम्पूर्ण कार्य गर्ने, गराउने ।

(छ) संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयम संलग्न रही प्रवन्ध, निरीक्षण निर्देशन दिने ।

(ज) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-

(क) संस्थाको आर्थिक कारोवार सम्वन्धि जिम्मा लिने,

(ख) संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने राख्न लगाउने,

(ग) साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवार **संग** सम्वन्धित विवरण उपलव्ध गराउने ।

३८. **लेखा सुपरीवेक्षण समिति :**

(१) साधारण सभाद्वारा एकजना संयोजक, २ जना सदस्य भएको ३ जनाको लेखा सुपरिवेक्षण समिति गठन हुनेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

३९. **लेखा सुपरीवेक्षण समितिको बैठक :**

लेखा समितिको वैठक कम्तीमा वर्षको चार पटक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

४०. **लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने,

(२) **आर्थिक तथा प्रशासकीय** काम कारवाही सम्बन्धी सम्पूर्ण कागजपत्रहरु प्रमाणित गर्ने,

(३) समिति र उपसमितिहरुले गर्नुपर्ने काम कारवाही संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन विस्तृत अुनसन्धान गर्ने,

(४) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानी नोक्सानी पुग्ने वा कुनै कुराको अनुसन्धान कार्यमा सम्बन्धित पक्षबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने,

(५) लेखा सम्वन्धी प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने ।

४१. **पदावधि :**

लेखा (सुपरीवेक्षण) समितिको पदावधि संचालक समितिको पदावधि सरह नै हुनेछ । नयाँ समितिको गठन नहुञ्जेल सम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ र निजहरु पुन निर्वाचित हुन सक्नेछन् ।

४२. **ऋण उपसमिति :**

(१) ऋण लगानी उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । संचालक समितिले तोकेको समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु संचालक समितिको निर्णयबाट शेयर सदस्यमध्येबाट मनोनित गरिनेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म **ऋण लगानी उपसमितिको** कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(३) उपदफा (१) वमोजिम गठीत उपसमितिको पदावधि समितिको पदावधि सरह हुनेछ ।

४३. **ऋण उपसमितिको बैठक :**

**ऋण उप**समितिको बैठक आवश्यकतानुसार जुन सुकै वेला पनि बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउन सक्नेछ ।

४४. <u>ऋण उपसमितिको काम, कर्तव्य र अधिकार</u> :

(१) साधारण सभाबाट पारित वचत तथा ऋण नीति र समितिले दिएको निर्देशनको अधिनमा रही सदस्यहरुबाट पेश हुन आएका निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न समितिलाई सिफारिस गर्ने,

(२) सदस्यहरुवाट संस्थामा रहेको नगद मौज्दात भन्दा वढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि शिध्र कारवाही गर्ने,

(३) सदस्यवाट तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन सो सम्बन्धमा सूक्ष्म दृष्टि पुऱ्याउने,

(४) सदस्यद्धारा ऋणको सुरक्षण वापत राखिएका धितोपत्रहरुको निरीक्षण गर्ने,

(५) सदस्यले आफूले लिएको ऋण चुक्ता गर्न ढिलो वा अटेर गरेमा ऋण असूली प्रकृया शुरु गर्ने र कानुनी कारवाहीको लागि समिति समक्ष पेश गर्ने ।

(६) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

४५. <u>शिक्षा उपसमिति</u> :

(१) शिक्षा उपसमितिमा एक जना संयोजक सहित तीन जना सदस्यहरु रहनेछन् । समितिले तोकेको समितिको एक जना संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु संचालक समितिको निर्णयबाट शेयर सदस्यमध्येबाट मनोनित गरिनेछ ।

(२) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म शिक्षा उपसमितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(३) उपदफा (१) वमोजिम गठीत उपसमितिको पदावधि समितिको पदावधि सरह हुनेछ ।

४६. <u>शिक्षा उपसमितिको बैठक</u> :

शिक्षा उपसमितिको बैठक आवश्यकतानुसार जुन सुकै वेला  बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउन सक्नेछ ।

४७. <u>शिक्षा उपसमितिको काम, कर्तव्य र अधिकार</u> :

(१) सहकारीको अवधारणा, सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि सहकारी सम्वन्धी तालिम संचालन गर्ने, अन्तर्क्रिया, गोष्ठी, सेमिनारको आयोजना गर्ने,

(२) संस्थाको सदस्य र गैर सदस्यहरुका वीचको भेदको वारेमा सदस्यलाई जानकारी दिने,

(३) संस्थामा सके सम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने, र

(४) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

४८. <u>अन्य उपसमितिहरुको गठन</u> :

समितिले संस्थाको उद्देश्य र कार्यहरु संचालन गर्न आवश्यकतानुसार अन्य उप-समितिहरुको गठन गर्न सक्नेछ । समितिले त्यसरी उपसमितिको गठन गर्दा त्यस्तो उपसमितिले गनुपर्ने काम, कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरुको शर्त तथा सुविधाहरु तोकिदिनेछ ।

## परिच्छेद -७
## वित्तीय ब्यवस्था

४९. <u>संस्थाले राख्नु पर्ने बहीखाता एवं दर्ता किताव</u> :

संस्थाले देहाय वमोजिमको वही खाता तथा दर्ता किताव राख्नेछः-

(क) विनियमको दफा १७ (अनुसूची-२) बमोजिमको सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु ,

(ग) नगद बहीखाता ,
(घ) संस्थाले अरु कुनै व्यक्ति वा संघ संस्थासंग कुनै कारोवार गरेका भए सो कारोवार देखाउने किताब,
(ङ) शेयर दर्ता किताब,
(च) ऋण लेनदेन गरेको दर्ता किताब,
(छ) बेरुजू एवं सम्परीक्षण किताब,
(ज) व्यक्तिगत खाता,
(झ) सदस्यहरुको व्यक्तिगत बचत खाता,
(ञ) जिन्सी दर्ता किताब,
(ट) आम्दानी, खर्च, सम्पत्ति र दायित्व देखिने खाताहरु,
(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

**५०. कोषको व्यवस्था :**

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :
(क) शेयर लगायत संस्थाले आर्जन गरेका सवै किसिमका आम्दानी
(ख) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,
(ग) विदेशी सरकार वा अन्तरराष्ट्रिय दातृ संघ संस्थावाट प्राप्त अनुदानको रकम
(घ) संस्थाले शेयर विक्री गरे वापत प्राप्त रकम, नियमित वचत र सदस्यता वापत प्राप्त शुल्कहरु ।
(ङ) अन्य श्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) वमोजिमको कोषको रकम विनियममा व्यवस्था भए वमोजिमको कार्यमा खर्च गरिनेछ ।
(३) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थावाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनेछ ।
(४) उपदफा (१) वमोजिम संस्थालाई प्राप्त हुने सवै प्रकारको रकम समितिले निर्णय गरेको कुनै वैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, वचत, मुद्दती) खोली जम्मा गरिनेछ ।
(५) उपदफा (१) वमोजिमको कोषको खाताको संचालन समितिको अध्यक्ष, कोषाध्यक्ष र व्यवस्थापकको संयुक्त दस्तखतवाट हुनेछ ।

**५१. जगेडा कोष :**

संस्थाको जगेडा कोषमा देहाय वमोजिमको रकम रहनेछः-
(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले गरेको कारोवारको हिसाव जांच भएपछि खुद वचत (मुनाफा) वाट छुट्याइएको कम्तीमा २५ प्रतिशत रकम,
(ख) सदस्यता प्रवेश शुल्क,
(ग) अन्य कुनै प्रकारले यस कोषमा जाने रकम ।

**५२. खुद वचतको वाँडफाँड :**

(१) खुद वचत (मुनाफा) को २५% रकम जगेडा कोषमा छुट्याई बाँकी रहन आएको रकमलाई शत प्रतिशत (१००%) मानी देहाय वमोजिमको प्रतिशतको रकम देहाय वमोजिमका कोषहरुमा जम्मा गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | शेयर लाभाँस कोष | % |
| (ख) | संरक्षित पूँजी फिर्ता कोष | % |
| (ग) | कर्मचारी वोनस कोष | % |
| (घ) | घाटा पूर्ति कोष | % |
| (ङ) | सदस्य शिक्षा कोष | % |
| (च) | डुवन्त ऋण कोष | % |
| (छ) | संस्था विकास कोष | % |
| | | १००% |

(२) शेयर लाभाँश कोषबाट सदस्यहरुलाई लाभांश वितरण गर्दा शेयर पूँजीको १५% भन्दा बढी हुने गरी वितरण गरिनेछैन ।

(३) कर्मचारी बोनस कोषबाट कर्मचारीहरलाई बोनस वितरण गर्दा दुई (२) महिनाको तलव बरावर भन्दा बढी हुने गरि वितरण गरिनेछैन ।

(४) शेयर लाभाँश कोष, संरक्षित पूँजीकोष र कर्मचारी बोनस कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

५३. **कोषको सुरक्षा :**

(१) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था वाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानुन वमोजिम स्थापित ख्याति प्राप्त बीमा कम्पनीमा आवश्यकतानुसार सदस्यहरुको शेयर, बचत र ऋण लगानी जस्ता रकमको सुरक्षण का लागि बीमा गर्न सक्नेछ ।

५४. **कोषको उपयोग :**

जगेडा कोषवाट आर्जित आम्दानी सोही कोषमा जम्मा हुनेछ र अन्य कोषहरुबाट एवं संस्थाको दैनिक कारोवारबाट आर्जित व्याज वा आम्दानी संस्थाको आम्दानी मनिनेछ । आर्थिक वर्षको अन्त्यमा लेखापरीक्षण भई देखिएको खुद मुनाफा विनियममा व्यवस्था भए वमोजिमको कोषहरुमा सारिनेछ ।

५५. **खाता हेर्न पाउने :**

सदस्यले संस्थाको खाताहरु हेर्न चाहेमा जुनसुकै बखत पनि हेर्न सक्नेछ । तर व्यक्तिगत बचत खाता सम्बन्धित व्यक्तिले मात्र हेर्न सक्नेछ ।

## परिच्छेद - ८
## व्यवस्थापन

५६. **व्यवस्थापन :**

(१) समितिले संस्थाको व्यवस्थापन पक्षलाई स्वस्थ एवं प्रभावकारी रुपमा अघि बढाउनका लागि व्यवस्थापक एवं अन्य कर्मचारीहरुको योग्यता, छनौट, नियुक्ति, तलब निर्धारण र अन्य सुविधाहरु र सरुवा बढुवा सम्बन्धी व्यवस्था संस्थाको प्रशासनिक नियम साधारण सभाबाट अनुमोदन गराई लागू गर्नेछ ।

(२) उपदफा (१) वमोजिम व्यवस्थापक नियुक्ति हुन नसकेमा समितिले संस्थाको कुनै संचालकलाई प्रबन्धकीय कर्मचारीको रुपमा कार्य गर्ने गरि तोक्न सक्नेछ ।

५७. **व्यवस्थापकको काम, कर्तव्य र अधिकार :**

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी कोषाध्यक्षलाई सहयोग गर्ने,

(ख) संस्थाको सदस्यता आवेदन फारमहरु संकलन एवं वितरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

(ग) साधारणसभा, समितिका सवै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरुको विषय सूचि तयार गर्ने,

(च) संस्थाका सदस्यहरुलाई शैक्षिक एवं तालिम कार्यक्रमहरुको योजना बनाई शिक्षा उपसमिति मार्फत संचालन गर्न सहयोग पुर्‍याउने,

(छ) संस्थाका सवै कर्मचारीहरुको कामकारवाहीहरु सुचारु रुपमा संचालन गराउने र कर्मचारी बीच समन्वय गर्ने,

(ज) समितिले तोकेका कामहरु गर्ने गराउने,

(झ) समितिप्रति उत्तरदायी हुने,

(ञ) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

# परिच्छेद - ९
## विविध

**५८. लेखापरीक्षण :**

(१) संस्थाले रजिष्ट्रारको स्वीकृति लिई प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका रजिष्टर्ड लेखापरीक्षकबाट गराउनेछ ।

(२) लेखापरीक्षकले लेखापरीक्षण सम्बन्धी प्रतिवेदन वार्षिक साधारणसभा समक्ष प्रस्तुत गर्नेछ ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके वमोजिम हुनेछ ।

(४) एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गर्न सकिने छैन ।

**५९. शपथ ग्रहण :**

संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूचि-४ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

**६०. वाँकी बक्यौता असूल उपर गर्ने :**

सदस्यले संस्थावाट लिएको ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने व्याज र विलम्ब शुल्क समेत निजको घर-घराना (जायजेथा) बाट सहकारी ऐन नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई संस्थाले असूल उपर गर्नेछ । संस्थाले रकम असूल उपर गर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्वन्धित ऋणी सदस्यबाट नै असूल उपर गरिनेछ ।

**६१. ऋण मिनाहा :**

संस्थाले असुल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नुपर्दा वार्षिक साधारणसभामा उपस्थित सदस्यहरुको दुई तिहाई वहुमतको निर्णयवाट मात्र कुनै सदस्यले लिएको ऋणको रकम वा अन्य कुनै रकम मिनाहा हुन सक्नेछ ।

**६२. हकवालाको मनोनयन :**

(१) सदस्यले हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हकवाला मनोनीत गर्ने सदस्यले एकभन्दा बढी शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनीत गर्नु पर्नेछ ।

(३) कुनै सदस्यले उपदफा (२) को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनीत गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानुन अनुसार हुनेछ ।

**६३. हक दावी वा नामसारी :**

(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा ६२ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ ।

तर, त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउँ भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

६४. **निर्वाचन :**

(१) संस्थाको विनियमको अधीनमा रही समिति, लेखा सुपरीवेक्षण समिति र विनियमको दफा ४२ र दफा ४५ मा उल्लेखित उपसमितिको निर्वाचन गर्न समितिले एउटा निर्वाचन उप समिति गठन गर्नेछ ।

(२) समितिले तोकेको व्यक्तिको संयोजकत्वमा संस्थाको सदस्यहरु मध्ये एकजना सदस्य र सम्बन्धित डिभिजन सहकारी कार्यालयको प्रतिनिधि एक रहने गरी जम्मा तीन जनाको निर्वाचन मण्डल गठन हुनेछ ।

(३) निर्वाचन मण्डलले उपदफा (१) मा उल्लेखित पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रिया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

६५. **समितिका सदस्य अवैतनिक :**

समितिका पदाधिकारी लगायत सदस्यहरु अवैतनिक हुनेछन् ।

तर, संचालक सदस्य मध्ये कसैले प्रबन्ध संचालकका रुपमा कार्य गरी पारिश्रमिक लिन यो दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६६. **आर्थिक वर्ष :**

(१) संस्थाको आर्थिक वर्ष श्रावण १ गते देखि आषाढ मसान्तमा समाप्त हुनेछ ।

(२) समितिले संस्थाको आर्थिक विवरण प्रमाणित गरी आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र साधारण सभामा पेश गर्नुपर्नेछ ।

६७. **व्याख्या गर्ने अधिकार :**

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम बमोजिम हुनेछ ।

६८. **मध्यस्थता सम्बन्धी व्यवस्था :**

संस्थाको विकास, उद्देश्य प्राप्ती एवं कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा संस्था दर्ता गर्ने निकाय एवं राष्ट्रिय सहकारी विकास वोर्ड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले आवश्यकतानुसार मध्यस्थता सम्बन्धी संयुक्त सहयोगको व्यवस्थाका लागि अनुरोध गर्न सक्नेछ ।

६९. **अविश्वासको प्रस्ताव राख्न सकिने :**

(१) साधारण सभाका पाँच प्रतिशत सदस्यले समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समितिलाई विघटन गर्नुपर्ने औचित्य छ भनी साधरणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(२) समितिको कुनै सदस्य प्रति ल्याईएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

तर, उक्त विषयमा हुने निर्वाचनमा भने मतदान गर्न पाउनेछैन ।

(३) साधारणसभाको बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा वा समिति विघटन गर्ने निर्णय भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ ।

७०. **विनियम संशोधन :**

संस्थाको कूल सदस्य संख्या मध्ये कम्तीमा ५१% उपस्थित भएको साधारणसभामा दुई तिहाई सदस्यहरुको निर्णयबाट संस्थाले आफ्नो विनियम संशोधन गर्न सक्नेछ । यसरी संशोधन भएको विनियम सहकारी ऐन बमोजिम रजिष्ट्रारले स्वीकृति दिएपछि लागू हुनेछ ।

७१. **एकीकरण, विभाजन र विघटन :**

(१) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको वहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ । संस्थाको एकीकरण र विभाजन गर्दा सहकारी ऐनको दफा ३१ बमोजिमको प्रक्रियाको पालना गरिनेछ ।

(२) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको वहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा ऐनको दफा ४१ र दफा ४२ वमोजिमको प्रकृया अपनाईनेछ ।

७२. **सेवा शुल्क नलाग्ने :**
संस्थाले सदस्यहरुसंग कारोवार गर्दा सेवा शुल्क लिने छैन ।

७३. **विविध :**

(१) बैंकिङ कारोवार गर्नुपरेमा सम्बन्धित निकायको पूर्व स्वीकृती लिएर मात्र गरिनेछ ।

(२) संस्थाको साइनबोर्डमा सहकारी ऐन २०४८ बमोजिम स्थापित भनि लेखिनेछ ।

(३) कुनै सदस्य संस्थाको संचालक पदमा उम्मेदवार हुँदा सदस्य स्वयंले प्रचलित कानून बमोजिम आफ्नो नाम कालो सूचीमा नपरेको वा कर्जा कारोवारमा अनियमित नभएको भनी स्व-घोषणापत्रमा सहीछाप गरी संस्थामा पेश गर्नुपर्नेछ ।

(४) संस्थाको बचत तथा सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी संचालकहरुको हुनेछ ।

(५) संस्थाले ऋण उपसमितिको सिफारिसमा ऋण लगानी गर्ने र ऋण लगानी उपसमितिले आफ्नो सिफारिसको जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(६) संस्थाका सदस्यहरुका बिच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्यको रुपमा वर्गीकरण गरी विभेद गर्न पाइने छैन ।

(७) संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्तहरुमा आधारित रही आचार संहिता तयार गरी लागु गर्नु पर्नेछ ।

(८) संस्थाको प्रमाण पत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नं. दर्ता मिति र दर्ता भएको सहकारी कार्यालयको नाम समेत खुलाई नेपाली भाषा, देवनागरी लिपिमा साईनवोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(९) संस्थाको कुनै सदस्य एकै प्रकृतिको एक भन्दा वढी संस्थाको समिति वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन सक्नेछैन ।

(१०) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म यस विनियम वमोजिम गठन हुने उपसमितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

७४. **अमान्य हुने :**

(१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सिद्धान्तसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम र सिद्धान्त बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

| **पेश गर्ने पदाधिकारीको** | **स्वीकृत गर्ने पदाधिकारीको** |
|---|---|
| नाम :— | नाम :— |
| दस्तखत :— | दस्तखत :— |
| पद :— | पद :— |
| कार्यालयको छापः- | |
| दर्ता मितिः- | |

**अनुसूचि- १**
(विाियमको दफा ५ संग सम्बन्धीत)
**संस्थाको चिन्ह र छाप**
संस्थाको चिन्ह वा छाप लोगो यस प्रकारको हुनेछ ।

**अनुसूची-२**

**(सहकारी नियमावलीको नियम २१ उपनियम (१) को खण्ड (क) तथा विनियमको दफ १७ सँग सम्वन्धित)**

...................वचत तथा ऋण सहकारी संस्था लि.

.............................

सदस्य दर्ता किताब

| सि. नं. | बावु/ससुराको नाम | पति/पत्नी को नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | खरीद गरेको शेयर संख्या | सदस्य भएको मिति | मनोनित हकवालाको नाम | उमेर | ठेगाना | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**अनुसूची- ३**
(विनियमको दफा १९ संग सम्वन्धित)

सदस्यता नं.............

# .................. बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मितिः..................

## शेयर प्रमाण-पत्र

सहकारी ऐन २०४८ को दफा १२ अन्तर्गत यस संस्थाको विनियम १८ वमोजिम श्री..........................................को छोरा /छोरी /श्रीमती .............................वस्ने श्री/ सुश्री/ श्रीमती ...................................ले निम्न अनुसारको शेयर खरीद गर्नु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ।

**विवरण**

| क.सं | प्रति शेयर मूल्य | शेयर संख्या | शेयर खरीद मिति | बुझाएको मिति |
|---|---|---|---|---|
| | | | | |

.....................
प्रमाण-पत्र पाउनेको सही

................
अध्यक्ष

**अनुसूचि- ४**

(दफा ५९ संग सम्बन्धीत)

शपथ ग्रहण

म.................................................(शपथ कर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थ्यले भ्याए सम्म समितिको सदस्यका नाताले सवै काम तथा वैठकहरुमा निमित रुपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरीकाबाट निर्णय लिनेछु ।

**पद ग्रहण गर्ने पदाधिकारीको**

(क) नाम :
(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :

**शपथ गराउने अधिकारीको**

(क) नाम :
(ख) दस्तखत :

(ग) मिति :

(घ) पद :